बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

# बागमतीगाउँपालिका
## भट्टेडाडाँ, ललितपुर

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI)परीक्षण प्रतिवेदन-आ.ब.,२०७८/०८९

## फागुण, २०७९

**लैससास परीक्षण कार्यदल**

१.श्री भक्तबहादुर दर्लामी मगर-उपाध्यक्ष
२.दिलबहादुर बस्नेत-लैससास विज्ञ
३.रामकुमार लामा ४ नं वडा अध्यक्ष
४ कपिलमणी पौडेल शिक्षा शाखा प्रमुख
५अम्बा बास्तोला(आचार्य) जेसी फोकल पर्सन

# *** कृतज्ञता ज्ञापन ***

नेपालको संविधान २०७२ र स्थानीय साशन संचालन ऐन २०७४ ले परिकल्पना गरेको समानता र समावेशीतामा आधारित समृद्ध समाजको निर्माणमा योगदान गर्न, संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयबाट जारि **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन- २०७८** ले निर्दिष्ट गरे अनुरुप स्थानीय सरकारको रुपमा, यस बागमती गाउँपालिकाको नीति, कानुन र योजना, संस्थागत व्यवस्था, मानवसंसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्वमा लैङ्गिक समानता तथा सामाजिक समावेशीताको नजरबाट विश्लेषण गर्न र सो को आधारमा उपलब्ध साधन र श्रोतको समतामुलक वितरणको सुनिश्चित्ता मार्फत महिला शसक्तिकरण तथा सामाजिक समावेशीकरणको अभियानलाई थप  प्रभावकारी, गुणात्मक र संस्थागत गर्दै लैजाने उद्धेश्य अनुरुप यस बागमती गाउँपालिकाको गत आ.व. ०७८/०७९को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण कार्यक्रमको तय र आयोजना गर्नुले गाउँपालिकाको संस्थागत विकास र व्यवस्थापनमा एक नयाँ आयाम थपेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षणको लागि विज्ञ सहजकर्ताको रुपमा मलाई छनौट गरी यस गाउँपालीकाको लैससास परीक्षण गर्ने अवशर प्रदान गर्नु भएकोमा, बागमती गाउँपालिकाका अध्यक्ष श्री बिरबहादुर लोप्चनज्यू, उपाध्यक्ष भक्तबहादुर दर्लामी मगरज्यू, प्रमुख प्रशासकीय अधिकृत राम दत्त भट्टज्यू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । साथै कार्यक्रमको संचालन र व्यवस्थापनको समग्र पक्षहरुमा मेहनतका साथ सहयोग गर्नुहुने लैङ्गिक सम्पर्क व्यक्ति अम्बा वास्तोला आचार्यज्यूलाई बिषेश धन्यबाद दिन चाहान्छु ।

लैङ्गिक समानता तथा सामाजिक परीक्षण अभिमुखिकण सहजीकरणको क्रममका उर्जाशील र सकृय सहभागिताको लागि कार्यपालिका सदस्यज्यूहरु, गाउँपालिकामा कार्यरत विभिन्न शाखाका शाखा प्रमुख ज्यूहरु र सम्पूर्ण कर्मचारीज्यूहरुलाई हार्दिक धन्यवाद सहित आभार ब्यक्त गर्दछु ।

आगामी दिनहरुमा पनि यहाँहरुबाट निरन्तर सहयोग, सद्भाव र सहकार्यको अपेक्षा राख्दछु ।

धन्यबाद ।

.........................

दिलबहादुर बस्नेत
लैससास विज्ञ सहजकर्ता

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महाँकाल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०

विषय सूचि

१. पृष्ठभूमी........ १-२
२. अध्ययनको महत्व........ २
३. लैससास परीक्षणको उद्देश्यहरु ........ २
४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरु ........ ३
५. लैससास परीक्षणका विधि र प्रकृयाहरु ........ ४
६. लैससास परीक्षणका सहभागिहरु ........ ५
७. लैससास परीक्षण विश्लेषणका औजारहरु ........ ४
८. लैससास परीक्षणका मुख्य प्राप्तिहरु........ ५
९. लैससास परीक्षणबाट देखिएको लैससासको समग्र अवस्था ........ ६
९.१ लैससास परीक्षणको समग्र अवस्था माकुरेजालमा ........ ६
९.२ परीक्षण पश्चात सूचकगत रुपमा प्राप्त गरेको अंक ........ ७-८
१०. बागमती गाउँपालिकाको लैससासको सवल र सुधार गर्नुपर्ने पक्षहरु ........ ८
११. लैससास विकास कार्ययोजना ........ ९-१०
१२. निश्कर्ष........ ११
१३. सुझावहरु........ ११

## १.पृष्ठभूमि

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा ३८ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकरात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कामगर्ने व्यवस्था गरेको, विभिन्न समुदाय बीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेच बिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्द्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ ।

यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी

उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न यस बागमती गाउँपालिकाको आ.व.२०७८/०७९को "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण" संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले जारी गरेको स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन-२०७८ को आधारमा सम्पन्न गरिएको छ ।

## २. परीक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व देहाय वमोजिम रहेको छ ।

क. संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समतामूलक समावेशीताका आधारमा राज्य संरचनाका सबै अंगहरुमा मलहिा, दलित, आदिवासी, दलित, मधेशी, मस्लिम, किसान, अपागतां भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागि गराउने संवैधानिक व्यवसथा गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बंचितिकरणका कारण सामजिक समूहहरुको विकासका सूचकहरुमा देखिएको कमजोर अवसथा र सामजिक, आर्थिक तथा प्रसाशनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई पहिचान गरी उपरोक्त वर्ग र समूदायको पहुँच अभिवृद्धि गर्न ।

ख. सथानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवसथा वमोजिम स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारिका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतिहरुको पहिचान गर्न एवं यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मूल्याङ्कन गरी नीतिगत पृष्ठपोषण लिन ।

## ३. लैससास परीक्षणको उद्देश्य

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

२. महिला र सीमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

३. स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

४. लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४. लैससास परीक्षणले समट्ने क्षेत्रहरु

स्थानीय तहको लागि संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दिग्दर्शन-२०७८ले तोके वमोजिम स्थानीय तहको लैससास परीक्षणमा देहाएका क्षेत्रहरु समेटिएको छ ।

(क) नीति, कानुन र योजना
(ख) संस्थागत व्यवस्था
(ग) मानवसंसाधन तथा क्षमता विकास
(घ) सेवा प्रवाह
(ङ) सुशासन तथा उत्तरदायित्व

## ५. लैससास परीक्षणको विधि र प्रकृया

यस बागमती गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा हदेहायका विधि र प्रकृयाहरुको अवलम्वन गरिएको थियो ।

**विधिः** परीक्षणको विधि मुख्यतया सहभागितामूलक स्व-मूल्याङ्कनमा आधारित थियो । खासगरि बागमती गाउँपालिकाले गत आ.व. २०७८/०७९मा **नीति, कानुन र योजना, संस्थागत व्यवस्था, मानवसंसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व** गरी ५ वटा मुख्य शिर्षक अन्तरगतका २२ वटा उप शिर्षकहरु १. नीति र कानूनमा समावेशीता/सहभागिता, २. योजना तर्जुमा तथा कार्यान्वयन, ३. बजेट तर्जुमा तथा कार्यान्वयन, ४.कर्मचारी/पदाधिकारी प्रतिनिधित्व, ५. कार्यप्रणाली समावेशी, ६. समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व, ७. वित्त व्यवस्थापन प्रणालीमा समावेशीता, ८. तथ्याङ्क सङकलन तथा व्यवस्थापन, ९. मानव संसाधन तथा क्षमता विकास, १०. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना, ११. कानूनी साक्षरता, १२. विपद व्यवस्थापनमा समावेशीता, १३. पूर्वाधार विकास, १४. प्रजनन् स्वास्थ्य, १५. शिक्षा कार्यक्रम, १६. खानेपानी तथा सरसफाइ, १७. स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन, १८. सुशासन, १९. उत्तरदायित्व र जवाफदेहिता, २०. सूचना तथा संचार, २१. अनुगमन तथा मूल्याङ्कन र २२. समन्वय र सम्बन्ध बिस्तार अन्तरगत १०० वटा निर्दिष्ट सूचकहरुको आधारमा कार्यपालिकाका सदस्यहरु र कर्मचारीहरुको समूहले वस्तुगत विश्लेषण र उपलव्ध प्रमाणिकरणका आधारहरुको एकिन गरी हरेक सूचकमा कार्य सम्पादन भएको भए, १ अंक, आंशिक कार्य सम्पादन भएको भए, ०.५ अंक र कार्यसम्पादन नभएको भए, ० अंक प्रदान गरिएको र यसरि हरेक विषयका सूचकले प्राप्त गरेको अंकलाई जोडि गाउँपालिकाको कुल प्राप्ताङ्क र स्तर निर्धारण गरि परीक्षण सम्पन्न गरिएको हो ।

**प्रकृया** : बागमती गाउँपालिकाको आ.व.०७८/०७९को लैससास परीक्षण गर्दा देहायको प्रकृया पुरा गरिएको थियो ।

(क) दिग्दर्शनले तोके वमोजिम लैससास कार्यान्वयन समितिको गठन ।

(ख) लैससास कार्यान्वयन समितिको वैठकबाट देहाय वमोजिमको लैससास परीक्षण कार्यदल गठन ।

* भक्तबहादुर दर्लामी मगर (उपाध्यक्ष) - संयोजक
* दिलबहादुर बस्नेत (विज्ञ सहजकर्ता) - सदस्य
* राम कुमार लामा सामाजिक विकास समिति संयोजक
* कपिलमणी पौडेल शिक्षा शाखा प्रमुख - सदस्य
* अम्बा वास्तोला आचार्य (लैङ्गिक सम्पर्क व्यक्ति) - सदस्य

(ख) कार्यदलले लैससास परीक्षणको योजना तथा बवेट निर्माण र स्वीकृत

(ग) परीक्षण कार्यक्रमको मिति, समय र स्थानको एकिन गरि सहभागिको छनौट

(घ) परीक्षण कार्यक्रम आयोजना र सम्पन्न

(ङ) परीक्षणको प्रारम्भिक प्रतिबेदन तयारी र प्रस्तुतिकरण

(च) परीक्षणको अन्तिम प्रतिबेदन तयारी र गाउँपालिकामा पेश

## ६. लैससास परीक्षणका सहभागिहरु

यस बागमती गाउँपालिका गाउँपालिकारको आ.व. ०७८/०७९को लैससास परीक्षण कार्यक्रममा गाउँपालिका अध्यष, उपाध्यक्ष, प्रमुख प्रसाशकीय अधिकृत, वडा अध्यक्ष तथा सम्पूर्ण कार्यपालिका सदस्य र कर्मचारीहरु गरि जम्मा ...... जनाको सहभागिता रहेको थियो । परीक्षणका सहभागिहरुको सारांश विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| जम्मा सहभागि संख्या | लिङ्ग | | | जातजाती | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | दलित | जनजाती | अन्य |
| -४८ | - | . | . | . | . | . |

© *सहभागिहरुको बिस्तृत विवरण अनुसुचि-१ मा संलग्न छ ।*

## ७. लैससास परीक्षण विश्लेषणका औजारहरु

यस बागमती गाउँपालिकाको आ.व. ०७८/०७९को लैससास परीक्षण र विश्लेषणको क्रममा देहाएका औजारहरुको उपयोग गरिएको थियो ।

(क) गाउँपालिकामा उपलब्ध नीति, कानून, योजना, कार्यक्रमका दस्तावेजहरुको अध्ययन

(ख) **नीति, कानुन र योजना, संस्थागत व्यवस्था, मानवसंसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व** गरि ५ वटा मुख्य शिर्षक अन्तरगतका २२ वटा उप शिर्षकहरु १. नीति र कानूनमा समावेशीता/सहभागिता, २. योजना तर्जुमा तथा कार्यान्वयन, ३. बजेट तर्जुमा तथा कार्यान्वयन, ४.कर्मचारी पदाधिकारी प्रतिनिधित्व, ५. कार्यप्रणाली समावेशी, ६. समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व, ७. वित्त व्यवस्थापन प्रणालीमा समावेशीता, ८. तथ्याङ्क सङकलन तथा व्यवस्थापन, ९. मानव संसाधन तथा क्षमता विकास, १०. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार

बिरूद्ध जनचेतना, ११. कानूनी साक्षरता, १२. विपद व्यवस्थापनमा समावेशीता, १३. पूर्वाधार विकास, १४. प्रजनन् स्वास्थ्य, १५. शिक्षा कार्यक्रम, १६. खानेपानी तथा सरसफाइ, १७. स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन, १८. सुशासन, १९. उत्तरदायित्व र जवाफदेहिता, २०. सूचना तथा संचार, २१. अनुगमन तथा मूल्याङ्कन र २२. समन्वय र सम्बन्ध बिस्तार अन्तरगत १०० वटा निर्दिष्ट सूचकहरु ।

(ग) लैससासको क्षेत्रमा बागमती गाउँपालिकाको SWOT Analysis गरी सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरुको पहिचान गरिएको ।

(घ) मुख्य शिर्षकमा प्राप्त गरेको अंकलाई माकुरी जालो (Spider Net) मा प्रस्तुत गरिएको ।

(ङ) परीक्षणको कुल पूर्णाङ्क र कुल प्राप्ताङ्कको आधारमा स्तर निर्धारण गरिएको ।

## ८. लैससास परीक्षणका मुख्य प्राप्तिहरु (तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण)

यस गाउँपालिकाको आ.व. ०७८/०७९को लैससास परीक्षणबाट प्राप्त तथ्याङ्कहरुको विश्लेषण देहाय वमोजिम गरिएको छ ।

(क) लैससासका मुख्य विषय क्षेत्रहरु मध्ये, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्वमा संतोषजनक रहेको देखियो भने, नीति, कानून र योजना, मानवसंसाधन तथा क्षमता विकास र संस्थागत व्यवस्था अन्तरगतका सूचकहरुमा केही कमजोर रहेको प्राप्त नतिजाले देखाएको छ ।

(ख) नीति, कानुन र योजना बनाउने क्रममा लैससासको दृष्टिकोणबाट विश्लेषण गर्ने र सो को अभिलेखिकरण गर्ने परिपाटिमा कमी कमजोरी रहेको पाईयो ।

(ग) लैससाससंग सम्बन्धित नीति, कानून र योजनाहरु निर्माण गर्दा संम्बन्धित पक्षको अर्थपूर्ण सहभागितामा कमी रहेको पाईयो ।

(घ) गाउँपालिकाले निर्माण गर्ने ऐन, कानून, नीति तथा योजना निर्माणको प्रकृयालाई थप सहभागितामूलक बनाउन र निर्मित ऐन, कानून, नीति तथा योजनाको प्रबोधिकरण/अभिमूखिकरणमा बढवा दिनुपर्ने देखिन्छ ।

(ङ) गाउँपालिकाका पदाधिकारीहरुको ध्यान भौतिक पूर्वाधार विकासको साथ साथै सन्तुलित विकासको लागि मानविय विकास तर्फ पनि जानु आवश्यक रहेको देखिन्छ ।

समग्रमा १०० पूर्णाङ्कमा ६० अंक प्राप्त गरी <u>उत्तम</u> स्तर हासिल गर्न सफल हुनु बागमती गाउँपालिकाको लागि पक्कै पनि सुखद् पक्ष हुनुपर्दछ । आगामि वर्षहरुमा थप प्रगतिको लागि हाल कमजोर देखिएका नीति, कानून र योजना, मानवसंसाधन तथा क्षमता विकास र संस्थागत व्यवस्थाका सूचकहरुले इंगित गरेका कार्यक्रमहरुको तर्जुमा र प्रभावकारी कार्यान्वयनमा ध्यान जानु आवश्यक छ ।

## ९. लैससास परीक्षणबाट मुख्य शिर्षकमा देखिएको लैससासको अवस्था

## लैससास परीक्षणमा सूचकगत रुपमा प्राप्त भएको अंङ्क

### नीति, कानून, योजना

| क.स. | शिर्षक/उपशिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | **नीति, कानून, योजना** | २० | १०.५ |
| १.१ | नीति र कानूनमा समावेशीता सहभागिता | ८ | २.५ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.५ |
| १.३ | वजेट तर्जुमा तथा कार्यान्वयन | ४ | १.५ |

### संस्थागत व्यवस्था

| क.स. | शिर्षक/उपशिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| २. | **संस्थागत व्यवस्था** | २० | १२ |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| २.२ | कार्य प्रणालीमा समावेशीता | ४ | २ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २.५ |
| २.४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ | २.५ |
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३ |

### मानब संसाधन तथा क्षमता विकास

| क.स. | शिर्षक/उपशिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| ३. | **मानब संसाधन तथा क्षमता विकास** | २० | १२ |
| ३.१ | मनव संसाधन तथा क्षमता विकास | ८ | ५ |
| ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | ३.५ |
| ३.३ | कानूनि साक्षरता | ४ | १ |
| ३.४ | विपद् व्यवस्थापनमा समावेशीता | ४ | २.५ |

### सेवा प्रवाह

| क.स. | शिर्षक/उपशिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| ४. | **सेवा प्रवाह** | २० | १३.५ |
| ध्द्रङ | पूर्वाधार विकास | ४ | ३.५ |
| ध्द्रद | प्रजनन् स्वास्थ्य | ४ | २.५ |
| ध्द्रट | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| ध्द्रध्द | खानेपानी तथा सरसफाई | ४ | ३ |
| ध्द्रछ | स्वरोजगार तथा आयआर्जन र वजार व्यवस्थापन | ४ | १ |

**सुशासन तथा उत्तरदायित्व**

| क.स. | शिर्षक/उपशिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| ५ | **सुशासन तथा उत्तरदायित्व** | २० | १३ |
| ५.१ | सुशासन | ४ | ३ |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ |
| ५.३ | सुचना तथा संचार | ४ | २ |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन | ४ | ३ |
| ५.५ | समन्वय तथा सम्बन्ध विस्तार | ४ | २ |

## १०. बागमती गाउँपालिकामा लैससासको क्षेत्रमा देखिएका सबल र सुधार गर्नुपर्ने पक्षहरु

| मूल शिर्षक | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानून र योजना | नीति कानुनमा समावेशीता/सहभागिता | योजना तर्जुमा तथा कार्यान्वयन<br>बजेट तर्जुमा तथा कार्यान्वयन | विविधताको बीचमा व्यवहारिक सामाजिक समावेशीकरण लागु गर्ने उपयुक्त वातारण रहेको । | परम्परागत मान्यताका कारण लैससासका नीतिहरुको कार्यान्वयनमा जटिलता |
| संस्थागत व्यवस्था | तथ्याङ्क संकलन तथा व्यवसथापन<br>समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | कर्मचारी पदाधिकारी प्रतिनिधित्व<br>कार्य प्रणालीमा समावेशीता | संविधान तथा स्थानीय सरकार संचालन ऐनका समावेशी प्रावधानको कारण काम गर्न सहज हुनु । | लैससासको संस्थागत संरचना र व्यवहार परिवर्तनमा लामो समय लाग्ने । |
| मानव संसाधन तथा क्षमता विकास | मनव संसाधन तथा क्षमता विकास<br>अनौपचारिक मूल्यमान्यता र कुसंस्कार विरुद्ध जनचेतना | कानूनि साक्षरता<br>विपद् व्यवस्थापनमा समावेशीता | गाउँपालिका भित्रै क्षमता विकासमा योगदान गर्न सक्ने जनशक्ति हुनु । | "ठिक ठाउँमा ठिक कर्मचारी" को मर्म अनुसार काम गर्न कठिनाई हुनु । |
| सेवा प्रवाह | पूर्वाधार विकास<br>शिक्षा कार्यक्रम<br>खानेपानी तथा सरसफाई | स्वरोजगार तथा आयआर्जन र वजार व्यवस्थापन<br>प्रजनन् स्वास्थ्य | मगमा आधारित योजना निर्माण र प्रभावकारी कार्यान्वयनको अवसर रहेको । | श्रोत साधन र दक्ष जनशक्ति तथा प्रविधिको कमीका कारण उपेक्षित उपलब्धि प्राप्त नहुनु । |
| सुशासन तथा उत्तरदायित्व | सुशासन<br>उत्तरदायित्व र जवाफदेहिता<br>अनुगमन तथा मूल्याङ्कन | समन्वय तथा सम्बन्ध विस्तार<br>सुचना तथा संचार | सुशासनको प्रवर्द्धनमा हातेमालो गर्न सकिने अवसर रहनु | तत्कालै परिणाम चाहिने र भौतिक सुविधा भोगि मानसिकताका कारण सुशासन प्रवर्द्धन चुनौतिपूर्ण रहनु, |

## ११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) विकास कार्ययोजना

### बागमती गाउँपालिका, ललितपुर

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास योजना, २०७९/०८०

| मुल शिर्षक | | अवस्था सुधारका लागि आवश्यक कृयाकलाप | कृयाकलाप संचालन गर्ने जिम्मेवारी | | | थप दायित्व पर्ने नपर्ने |
|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | |
| **नीति, कानून, योजना -२०** | ९.५ | - स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्दा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक बनाउने ।<br>- महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु तय गर्ने ।<br>- स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी माथि हुने विभेद रोक्ने प्रावधानको व्यवस्था गर्ने। | लैससास कार्यदल | कार्यपालिका | लैससास कार्यान्वयन समिति | नपर्ने |
| नीति र कानूनमा समावेशीता - ८ | २.५ | | | | | |
| योजना तर्जुमा तथा कार्यान्वयन- ८ | २.५ | | | | | |
| **संस्थागत व्यवस्था -२०** | १२ | - स्थानीय तहका कर्मचारीहरुको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समूदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति तय गरी कार्यान्वयन गर्ने ।<br>- योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता | लैससास कार्यदल | कार्यपालिका | लैससास कार्यान्वयन समिति | आगामी आ.ब. बजेट विनियोजन गर्ने । |
| कर्मचारी पदाधिकारी प्रतिनिधित्व- ४ | २ | | | | | |
| कार्य प्रणालीमा समावेशीता- ४ | २ | | | | | |

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर बागमती प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | को सुनिश्चितता र वडा तथा वस्तिस्तरमा योजाना सम्वन्धी छलफललाई समावेशी बनाउने ।<br>- स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जन शक्ति लगायत अन्य स्रोत साधनकोलागि वजेटको व्यवस्था गरी सो अनुसार कार्य गर्ने । | | | | |
| **मनबसंसाधन तथा क्षमता विकास -२०** | १२ | - स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/शाखा/इकाइको व्यवस्था गरी ति निकायमा जनशक्तिको व्यवस्था गर्ने ।<br>- स्थानीय तहमा महिला र लक्षित वर्गको लागि लोक सेवा आयोगको पूर्व तयारी कक्षा संचालन कार्यक्रमको व्यवस्था र सोको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>- स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, स्थानीय तहले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको सम्वन्धमा अभिमुखीकरण गर्ने ।<br>- स्थानीय तहका कार्यपालिका सदस्य,सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | लैससास कार्यान्वयन समिति | आगामी आ.ब. बजेट विनियोजन गर्ने । |
| मनबसंसाधन तथा क्षमता विकास - ८ | ५ | | | | | |
| कानूनि साक्षरता - ४ | १ | | | | | |

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर बागमती प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **सेवा प्रवाह -२०** | १३५ | ~ स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपानकक्षको व्यवस्था गरी सो को कार्यन्वयन गरिनेछ । | लैससास कार्यदल | कार्यपालिका | लैससास कार्यान्वयन समिति | आगामी आ.व.मा व्यवस्था गर्ने । |
| प्रजनन् स्वास्थ्य - ४ | २५ | | | | | |
| स्वरोजगार तथा आयआर्जन र वजार व्यवस्थापन- ४ | १ | ~ स्थानीय तहले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने । ~ गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति तय गरी सो अनुरूप कार्यक्रम कार्यान्वयन गर्ने । | | | | |
| **सुशासन तथा उत्तरदायित्व -२०** | १३ | ~ स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने । | लैससास कार्यदल | कार्यपालिका | लैससास कार्यान्वयन समिति | आन्तरीक शिर्षकबाट मिलान गर्न सकिने |
| सुचना तथा संचार-४ | २ | | | | | |
| समन्वय तथा सम्बन्ध विस्तार-४ | २ | ~ महिला विरुद्धहुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्‌वाट पारित प्रस्ताव नम्वर १३२५ र १८२०ले लक्षित गरेका कार्यक्रममा रकम विनियोजन र कार्यान्वयन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | लैससास कार्यान्वयन समिति | आगामी आ.व.मा व्यवस्था गर्ने । |

## १२. निश्कर्ष

यस बागमती गाउँपालिकाको आ.व. ०७८/०७९को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा **१०० पूर्णाङ्कमा ६० अंक** प्राप्त गरि **उत्तम** स्थानमा रहन सफल भएको देखिन्छ । यस सफलताको श्रेय समग्र गाउँपालिकाको नेतृत्व र कार्यानवयन तहमा सघाउने कर्मचारीहरुप्रति समर्पित गर्न चाहान्छु ।

विषयगत नतिजालाई आधार मान्दा सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व अन्तरगतका सूचकहरुमा प्राप्त अंक संतोषजनक पाईएको छ । नीति, कानून र योजना मानव संसाधन तथा क्षमता विकास र संस्थागत व्यवस्था अन्तरगतका सूचकहरुमा प्राप्त अंकको आधारमा उपरोक्त सूचकहरुले लक्षित गरेका कृयाकलापहरुमा सुधारको लागि केन्द्रित हुनुपर्ने आवश्यकता देखिएको छ ।

परीक्षणबाट देखिएका र अनुभव गरिएका राम्रा पक्षहरुमा थप गुणात्मकता सहित निरन्तरता दिने र कमजोर देखिएका विषयहरुमा लैससास विकास योजनामा समावेश सुधारका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भएमा बागमती गाउँपालिका लैससासको क्षेत्रमा नमुना स्थानीय तहको रुपमा स्थापित हुने सुनौलो अवसर गाउँपालिका सामु रहेको देखिन्छ ।

## १३. सुझावहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको प्रावधान केहि वर्ष देखि मात्र कार्यान्वयनमा आएको हो । सुरुवातका वर्षमानै बागमती गाउँपालिकाले लैससासको क्षेत्रमा आफुलाई प्रगति उन्मुख गाउँपालिकाको रुपमा उभ्याउन सफल देखिएको छ । लैससास परीक्षणको नतिजा र विषयसंगको ज्ञान र अनुभवको आधारमा थप सुधार र संस्थागत विकासकालागि देहायका सुझावहरु प्रस्तुत गरेको छु ।

(क) नेपालको संविधानको धारा ३८ र धारा १८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ले मार्ग प्रसस्त गरेका उद्देश्य प्राप्तिका लागि गाउँपालिकाले निर्माण गर्ने नीति, कानुन र योजना निर्माण/तर्जुमा गर्दा लैससासका लक्षित वर्गको अर्थपूर्ण सहभागितामा बृद्धि र सहभागिताको सुनिश्चितता गर्नुपर्ने ।

(ख) लैससासका लक्षित वर्गहरुलाई व्यवस्था गरिने योजना, कार्यक्रम र वजेटको साथमा उनीहरुको आवश्यक क्षमता विकासका अवसरहरु पनि प्रदान गरिनुपर्ने ।

(ग) आवधिक योजना, मध्यकालिन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र विषयगत कार्यक्रमहरु तय गर्दा राष्ट्रिय/अन्तराष्ट्रिय महासन्धि/प्रतिवद्धताका प्रावधानहरुलाई उल्लेख गरि सोहि अनुरुपका कार्यक्रमहरु तय गरिनुपर्ने । शिर्षकगत विनियोजित वजेटको प्रतिसत समेत उल्लेख गर्नु पर्ने ।

(घ) लैससास सम्बन्धिका परम्परागत गलत मुल्यमान्यता र धारणाहरुको न्यूनिकरणकोलागि सन्देशमूलक सर्वे दृष्य सामग्रीहरुको निर्माण र प्रचार प्रसार गरिनुपर्ने ।

(ङ) गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून र नीतिहरुको निर्माण प्रकृयालाई सहभागितामूलक बनाईनुपर्ने र निर्मित ऐन, कानून र नीतिहरुको सम्बन्धित पक्षहरुलाई अभिमुखिकरणको व्यवस्था गरिनुपर्ने ।

(च) गाउँपालिकामा विद्यमान अनुगमन प्रणालीलाई बस्तुगत र उद्देश्यमूलक बनाई, अनुगमनबाट लैससासका लक्षितवर्गको अर्थपूर्ण सहभागिता र लाभ उपभोगको सुनिश्चितताको विश्लेषण गरी सोको प्रतिवेदन र अभिलेखिकरणको व्यवस्था गरिनु पर्ने ।

***__***